**बैठक संख्या : ३०**

आज मिति २०८१ जेठ १४ गते सोमबार बिहान ७:३० बजे यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा नगरपालिकाको सभा हलमा तपसिलको उपस्थितीमा बसी देहायका प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडाध्यक्ष वडा नं. १ | |
| ४ | डण्डपाणी पौडेल | वडाध्यक्ष वडा नं. २ | |
| ५ | पुरन महतो | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | माधव प्रसाद चापागाई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | चन्द्र कुमारी वानियाँ | वडाध्यक्ष वडा नं. ७ | |
| १० | वीरेन्द्र वहादुर भण्डारी | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | घनश्याम दवाडी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | |
| १६ | विना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | राज कुमार प्रजा | कार्यपालिका सदस्य | |
| २० | शेषकान्त पौडेल | सचिव | |

Scanned with CamScanner

**मिति २०८१ जेठ १४ गतेको ३० औं कार्यपालिका वैठकका निर्णयहरु:**

**निर्णय नं.१**

अघिल्लो कार्यपालिका वैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा वैठकमा छलफल गरियो । साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

**निर्णय नं.२**

यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

**निर्णय नं.३**

वागमती प्रदेश सरकारवाट जारी भएको नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को परिच्छेद ३ दफा ८ को उपदफा २ वमोजिम गरिवीको अवस्था, कृषिमा आश्रित जनसंख्या, दलित तथा सिमान्तकृत समुदायको वाहुल्यता, विद्युत खानेपानीको पहुँच तथा भौगोलिक विकटता समेतलाई आधार मानी माडी नगरपालिकाका सवै वडाहरु मध्ये आर्थिक तथा सामाजिक अवस्थामा कमजोर देखिएको वडा नं. ९ मा सो कार्यक्रम सञ्चालन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वागमती प्रदेशमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नगरपालिकाले हाल प्रदान गर्दै आएको कर्मचारीका प्रोत्साहन भत्ता लगायतका अन्य सेवा सुविधाको सम्वन्धमा नगरपालिकाको आन्तरिक आम्दानी तथा जनशक्ति व्यवस्थापन समेतलाई अध्ययन गरि २०८१ जेठ मसान्त भित्रमा कार्यपालिकामा प्रतिवेदन पेश गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा देहायका सदस्य रहेको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री तारा कुमारी काजी महतो, नगर प्रमुख |
| सदस्य | श्री खेम प्रसाद महतो, नगर उप प्रमुख |
| सदस्य | श्री विरेन्द्र बहादुर भण्डारी, वडाध्यक्ष |
| सदस्य | श्री पुरन महतो, वडाध्यक्ष |
| सदस्य | श्री दिपेन्दराज पौडेल, वडाध्यक्ष |
| सदस्य | श्री माधव प्रसाद चापागाई, वडाध्यक्ष |
| सदस्य | श्री सिता सुवेदि, कार्यपालिका सदस्य |
| सदस्य | श्री प्रविण भण्डारी, सूचना प्रविधि अधिकृत |
| सदस्य सचिव | श्री हरिशरण सोती, लेखा अधिकृत |

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत
२०८१।२।१४

Scanned with CamScanner

निर्णय नं ५

नमूना वडा समाजवादी कार्यक्रम वडा नं. ९ मा कार्यान्वयन गर्न न. पा. को तर्फबाट लागत साझेदारी गर्नुपर्ने रकम रु. १० लाख आ.व. २०८१।०८२ मा सो वडालाई प्राप्त हुने बजेटबाट लागत साझेदारी गर्ने प्रतिवद्धता सहित उक्त कार्यविधिको अनुसूची १ को समुह १ भित्र पर्ने देहायका कार्यक्रम तथा क्रियाकलापमा आ.व. २०८१।०८२ मा रकम विनियोजनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | कार्यक्रम | क्रियाकलाप | रकम |
|---|---|---|---|
| १ | वडा निरोग अभियान | नसर्ने रोग सम्वन्धी नागरिक स्वास्थ्य परिक्षण तथा विशेषज्ञ स्वास्थ्य सेवा | ५,००,००० |
| २ | स्वास्थ्य विमा कार्यक्रम | गरिव तथा विपन्न नागरिकको स्वास्थ्य विमा अनुदान | ८,००,००० |
| ३ | हरित वडा अभियान | सार्वजनिक स्थलमा फलफुलका विरुवा लगायत अन्य विरुवा वृक्षारोपण | ५,००,००० |
| ४ | उपयुक्त पूर्वाधार गुणस्तरीय शिक्षा विशेष कार्यक्रम | विद्यालय तथा ECD कक्षा पूर्वाधार सुधार तथा प्रविधिमैत्री कार्यक्रम | ३०,००,००० |
| ५ | व्यवहारिक शिक्षा प्रवर्धन कार्यक्रम | माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम | ८,००,००० |
| ६ | आफ्नो सीप आफ्नो रोजगारी | वडा सीप विकास तालिम | १०,००,००० |
| ७ | महिला विशेष आय आर्जन कार्यक्रम | सीप विकास तथा विउ पूँजी कोष | ८,००,००० |
| ८ | वडा सुशासन कार्यक्रम | वडा डिजिटलाइजेसन तथा प्रोफाइल निर्माण | ५००,००० |
| ९ | उज्यालो वडा कार्यक्रम | विद्युत पहुँच तथा विद्युत उपभोग प्रवर्धन | ५,००,००० |
| १० | जेष्ठ नागरिक सेवा | जेष्ठ नागरिक मनोरञ्जन पार्क तथा आश्रम निर्माण | ८,००,००० |
| ११ | घरेलु एकिकृत कृषि प्रर्वधन कार्यक्रम | एकिकृत अन्नवाली, फलफूल पशुपन्छि पालन, माछा पालन र करेसाखेति अनुदान | १०,००,००० |
| १२ | सुन्दर पार्क सफा सौचालय | मनोरञ्जन पार्क तथा सामुदायीक सौचालय निर्माण | ८,००,००० |

जम्मा रु १,१०,००,००० मध्ये प्रदेश अनुदान रु. १,००,००,००० र वडा नं ९ को रु. १०,००,००० ।

निर्णय नं ६

द्रौपदिनगर झोलुङ्गे पुल बनाउने शिलशिलामा नगरपालिकावाट खरिद गरी सम्वन्धित उपभोक्ता समितिलाई बुझाइएका पुलका सामाग्री मध्ये रुं १,३४,३०९ रकम बराबरका सामानहरु मिति २०८०।०४।२२ गते मरोठ खोलामा आएको बाढीका कारण बगाई लगेको भनी सरजमिन मुचुल्का सहित सहभागी संस्था एवं Sakhuwa Ridc Card JV Provincial Technical Assistance Provider Trail Bridge Program को मिति २०८१।०२।०८ को पत्र वाट प्रतिवेदन प्राप्त भएको, यस आ. व. मा उक्त कार्य सम्पन्न गर्न नसकेमा आगामी आ.व मा बजेट व्यवस्था नहुने तथा हराएका सामाग्रीको व्यवस्थापन गर्न नसकिएमा पूल निर्माण कार्य अलपत्र पर्न जाने हुँदा सोही कार्यक्रमको बजेट भित्र रही प्रतिवेदनमा प्रस्तुत सामाग्रीको परिमाण र रकममा उपरोक्त सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ७

नगरपालिकाद्धारा सञ्चालित क्रसर तथा सवारी साधनको आम्दानी तथा खर्च लगायतको अवस्था अध्ययन गरि प्रतिवेदन पेश गर्नका लागि मिति २०७९।१२।१३ को कार्यपालिका बैठकको निणर्यवाट गठित समितिलाई थप सक्रिय बनाई अविलम्व प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ८

वागमती प्रदेश सरकार, खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय हेटौंडाको पत्रवाट माग भएको आ.व. २०८१। ०८२ को लागि देहायका योजनाहरु प्रदेश सशर्त अनुदानको लागि सिफारिस गरि पठाउने निर्णय गरियो

क) वडा नं. ३, ४ र ५ अन्तर्गत पर्ने मगोई खोलाका भित्री सिंचाई कुलाहरुको मर्मत तथा निर्माण

ख) वडा नं ८ को टुनामुना खोलामा तटवन्धन

तारा कुमारी काजी मगर
नगर प्रमुख

निर्णय प्रमाणित
२०८१।२।१४
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner
CamScanner